नेपाल सरकार
गृह-मन्त्रालय
नेपाल प्रहरी

# बागमती प्रदेश प्रहरी कार्यालय

(प्रहरी नायव महानिरीक्षकको सचिवालय)

हेटौंडा, मकवानपुर।

फोन: ०५७-५२१४९९
फ्याक्स: ०५७-५२१४९८
शाखा: ९८५५०९०१९९

पत्र संख्या: (२०८१/०८२)
प्रा.प.सं.:

च.नं. :-

मिति: २०८२।०३।२७ गते
ने.स. ११४५

## प्रेस विज्ञप्ति

मिति २०८२।०३।२४ गते अन्दाजी ०३:०० बजे रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको बाढी एवं बाढीले पुऱ्याएको क्षतिको विवरण ऐ.२६ गते सम्म।

**१. मानविय क्षतीको बिवरण:-**

क. बेपत्ता- जम्मा २० जना (प्रहरी कर्मचारी -३, चिनियाँ नागरिक -६ तथा अन्य नागरिक-११ समेत)

ख. खोज तथा उद्दार भएको: शव-५, मानव अङ्ग - ६

**१ जनाको पहिचान खुलेको**

(चितवनमा फेला परेको शव जि.प्र.का. रसुवामा कार्यरत प्र.स.नि. लाल बहादुर श्रेष्ठ)

**१० जनाको पहिचान नखुलेको**

त्रिभुवन शिक्षण अस्पताल महाराजगंजको शवगृहमा राखिएको: संख्या- ९

**२. उद्धारको विवरण- जम्मा उद्दार ८६० जना**

क. डोरीको माध्यमबाट: ९ जना

ख. नेपाली सेनाको हेलिकप्टरबाट: २८ जना (रसुवागढी हाइड्रोपावरमा कार्यरत २३ जना समेत)

ग. निजी हेलिकप्टरबाट: १७७ जना

घ. पैदल उद्दार: ६४६ जना (मानसरोवरबाट फर्केको लगायत रसुवा गढीमा अलपत्र अवस्थामा रहेकालाई नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायको सहयोगमा रसुवा गढी स्याफ्रुवेशीको बाटो हुँदै सुरक्षित पैदल उद्दार गरिएको)

**३. खोज तथा उद्धार कार्यमा प्रहरी परिचालन:- हाल सम्म ३४२१ जना खटिएको र स्टेण्डवाइमा ४३५ जना**

जिल्ला प्रहरी कार्यालय रसुवा, धादिङ, नुवाकोट, चितवन, नेपाल प्रहरी विशेष सुरक्षा गण वेश महादेवफाँट र विपद् व्यवस्थापन गुल्म वेश नुवाकोटबाट समेतबाट थप मद्दत प्रहरी परिचालन :

२०८२।०३।२४ गते १२५५ जना परिचालन भएको।

२०८२।०३।२५ गते ८५९ जना परिचालन भएको।

२०८२।०३।२६ गते ६८८ जना परिचालन भएको।

२०८२।०३।२७ गते ६१९ जना परिचालन भएको।

४. **भौतिक क्षतिको विवरण-**

क. नेपाल चीन जोड्ने मितेरी पुल पूर्ण रूपमा क्षति भएको ।

ख. रसुवागढी स्याफ्रुबेसी सडक खण्डमा क्षति पुगि करिव १६ कि.मि. सडक आवतजावतमा समस्या ।

ग. भन्सार कार्यालय रसुवाको कार्यालयको यार्डमा क्षति भएको ।

घ. चिलिमे र रसुवागढी जलविद्युत आयोजनामा क्षति भएको ।

ङ. माथिल्लो त्रिशूली जलविद्युत केन्द्रको थ्री बि हब स्टेसन कम्पनीको सब स्टेशनको टावर, भाल्चे जाने सब स्टेशनको ३ वटा टावर, RRM को वाल, २२० र १२५ के.बि.को वाल, थ्री बि हब स्टेसन कम्पनीको स्टोरमा क्षति ।

च. रसुवागढीस्थित Ev चार्ज स्टेशनमा क्षति ।

छ. रसुवागढी स्थितबाट EV गाडी ४२ वटा, २४ वटा कन्टेनर (सामान सहित), स्काईभेटर/डोजर ८ वटा, सिनो कम्पनीको ६ वटा ट्रक, १ वटा हाईलेक्स क्षति एवं बगाएको ।

ज. भन्सार कार्यालय रसुवाको कार्यालयको यार्डमा रहेको वेल्डिङ मेसिन ३० वटा, ग्रान्डिङ मेसिन १० वटा क्षति एवं बगाएको ।

झ. विभिन्न जलविद्युत आयोजना लगायतमा भएको भौतिक क्षतिको मूल्याङ्कन भैरहेको ।

५. **अन्य कार्यको विवरण-**

- हाल सम्म वेपत्ता व्यक्तिहरूको खोज तलासी लागि गण्डकी प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालय गोरखा, तनहुँ र पूर्वी नवलपरासीलाई तालुक नेपाल प्रहरी प्रधान कार्यालय मार्फत पत्राचार गरिएको ।
- थप क्षति हुन नदीन भोटेकोशी नदी बग्ने तटीय क्षेत्रहरूमा सुरक्षा सतर्कताको लागि भौतिक रूपमा स्थानीयहरूलाई भेला गरी माइकिङ्ग, रेडियो, टि.भी. लगायत संचार माध्यमहरूबाट जनचेतनामूलक सन्देशहरू प्रवाह गरिएको ।
- त्रि.वी. शिक्षण अस्पताल महाराजगंजमा उद्धार भएका शव तथा मानव अङ्गबाट सनाखत तथा पहिचानका लागि DNA परिक्षण लगायतको नमुना लिने कार्य भईरहेको ।
- खोजी तथा उद्धार कार्य निरन्तर रूपमा भैरहेको ।

**प्रहरी वरिष्ठ उपरीक्षक**
**( संजय सिंह थापा )**
**प्रवक्ता/ सूचना अधिकारी**